नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विद्यालय शिक्षा सम्बन्धी गतिविधि-५१ (पूर्णाङ्क २५६)

## विपन्न लक्षित छात्रवृत्ति भर्ने भराउने सम्बन्धी सूचना

विगतका वर्ष भैंँ यस आ.व. २०७८/७९ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले नेपालभरका सामुदायिक विद्यालय (नेपाल सरकारबाट अनुदान प्राप्त धार्मिक तथा परम्परागत विद्यालयसहित) का माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरूको आर्थिक अवस्था पहिचान गरी ती विद्यार्थीहरूलाई विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम कार्यान्वयनमा रहेको छ। उक्त छात्रवृत्ति प्राप्त गर्ने प्रयोजनका लागि कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरूले PMT (Proxy Means Testing) फाराम भर्न तथा सम्बन्धित विद्यालयहरूले भराउन यो सूचना प्रकाशित गरिएको छ। यसका लागि तल उल्लिखित प्रक्रिया पूरा गर्नुपर्नेछ।

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको website www.cehrd.gov.np मा गई विद्यालयले PMT फाराम डाउनलोड गर्नुपर्नेछ।

२. उक्त फाराम विद्यालयले प्रिन्ट गरी फाराम भर्न इच्छुक विद्यार्थी/अभिभावकलाई उपलब्ध गराउनुपर्नेछ।

३. सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण विवरणहरू सत्य/साँचो भरी अभिभावकबाट प्रमाणित गराई आफ्नो विद्यालयको प्रधानाध्यापक समक्ष पेस गर्नुपर्नेछ।

४. सम्बन्धित विद्यार्थी/अभिभावकबाट पेस भएका फाराम प्र.अ.ले सिफारिस गरी प्रमाणीकरण (Verification) का लागि सम्बन्धित वडा वा स्थानीय तहमा पेस गर्नुपर्नेछ।

५. विद्यालयले माथि उल्लेखित बुँदा नं.१. २. र ३. को प्रक्रिया पुऱ्याई विद्यालयमा प्राप्त भएका PMT फारामहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रको https://iemis.cehrd.gov.np मा log in गरी PMT अन्तर्गत भएको Export बटन क्लिक गरी PMT Template download गरी सबै विवरणहरू सो Template मा भर्नु भराउनुपर्नेछ।

६. सम्बन्धित वडा वा स्थानीय तहबाट प्रमाणित फाराम विद्यालयले सुरक्षित राख्नुपर्नेछ।

७. सम्बन्धित विद्यालय र विद्यार्थीहरूले फागुन मसान्तभित्र PMT फाराम भर्नु भराउनुपर्नेछ। प्राप्त सबै विद्यार्थी विवरण सम्बन्धित विद्यालयले उक्त PMT Template लाई iemis.cehrd.gov.np मा गई चैत १ देखि चैत ३० गतेभित्र अपलोड गर्नुपर्नेछ। यसका लागि स्थानीय तहले सहजीकरण गर्नु स्थानीय तहको दायित्व हुनेछ। निर्धारित म्यादभन्दा अघि वा पछि अपलोड भएका फारामहरू मान्य हुने छैनन्।

८. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण रुजु गर्न र विद्यार्थीको खातामा रकम जम्मा गर्दा गराउँदासम्म विद्यालयको प्रधानाध्यापकसँग निरन्तर सम्पर्क गर्नुपर्ने हुँदा विवरण गलत भएको अवस्था भएमा https://iemis.cehrd.gov.np मा गई विद्यालयले आफ्नो प्रोफाइलमा गई प्रधानाध्यापकको नाम र सम्पर्क नम्बर सच्याउनुपर्नेछ।

९. PMT फाराम भरेका हरेक विद्यालयले आफ्नो प्रोफाइलमा गई कक्षा १० सञ्चालन भएको भए SEE कोड र कक्षा १२ सञ्चालन भएको भए SLCE कोड राख्नुपर्नेछ। यी विवरण उपलब्ध नभएमा ती विद्यालयको PMT फारामलाई calculation को प्रक्रियामा लैजान सकिने छैन।

१०. विद्यालयले सबै विवरण PMT template मा भर्ने, भरिएका विवरणहरू सुनिश्चित भएको रुजु गरी अपलोड गर्नुपर्नेछ। एकपटक अपलोड गरेपछि पुनः अपलोड गर्न सकिने छैन।

११. छात्रवृत्ति भरेको सामुदायिक वा धार्मिक तथा परम्परागत विद्यालयले आफ्नो प्रोफाइलमा सामुदायिक र धार्मिक तथा परम्परागत विद्यालयको महलमा रेजा लगाएको हुनुपर्नेछ। कुनै विद्यालयले संस्थागतमा रेजा लगाइएको भए सो विद्यालयको नतिजा खारेज हुनेछ।

१२. छात्रवृत्ति भरेको सामुदायिक वा धार्मिक तथा परम्परागत विद्यालयको नाममा Academy जस्ता शब्दहरू जोडिएको भएमा त्यस्ता विद्यालयले आफ्नो प्रोफाइलमा विद्यालयको नामसँग (public) भनेर लेख्नुपर्नेछ। अन्यथा सो विद्यालयको नतिजा खारेज हुनेछ।

१३. IEMIS मा विद्यालयले भरेको विद्यार्थीका विवरण मात्रै PMT Template मा नाम देखिनेछ। सो Template मा नयाँ विद्यार्थीको नाम राख्न सकिँदैन र अन्यथा थप विवरण राखेको पाइएमा सो विद्यालयको फाराम रद्द हुनेछ।

१४. PMT फाराम भरेका विद्यार्थीमध्ये छात्रवृत्ति पाउन योग्य भई छनोटमा परेका कक्षा ८ का विद्यार्थीहरूले २०७९ सालको शैक्षिक सत्रमा कक्षा ९ मा भर्ना भएपछि, कक्षा १० का विद्यार्थीहरूले २०७८ को एसईई परीक्षामा नतिजा प्राप्त गरे पश्चात् २०७९ मा कक्षा ११ मा भर्ना भएपछि सोही शैक्षिक सत्रमा छात्रवृत्ति प्राप्त गर्नेछन्। सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले मात्र विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्नेछन्।

१५. छात्रवृत्ति सम्बन्धी थप जानकारी लिन चाहने स्थानीय तह, विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाले विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट www.cehrd.gov.np बाट डाउनलोड गरी हेर्न सक्नेछन्।

पुनश्च : अनलाइन फाराम भर्ने भराउने सामुदायिक विद्यालयहरूले तपसिलको विषय र प्रक्रियाहरूमा ध्यान दिनुहुन अनुरोध छ :

१) फाराम भर्ने विद्यार्थी तथा भराउने विद्यालयले ध्यान दिनुपर्ने कुराहरू

क) विद्यालयले भरेको शैक्षिक तथ्याङ्क Flash Report मा उल्लेख भएको Student ID मा भएको विद्यार्थीको नामका आधारमा PMT Template मा विद्यार्थी विवरण प्रविष्टि हुनेगरी पद्धति विकास गरिएकाले Student ID नभरेका विद्यालयहरूले छात्रवृत्ति फाराम भर्न भराउन सक्ने छैनन्।

ख) PMT फारामका लागि आवश्यक पर्ने कक्षा ८ र १० का विद्यार्थीहरूको मात्रै Student ID अध्यावधिक गर्ने र सोही आधारमा छात्रवृत्तिका लागि तथ्याङ्क भर्ने भराउने गरेको भेटिएमा त्यस्ता विद्यालयको तथ्याङ्क रद्द हुने हुँदा त्यस्ता विद्यालयका विद्यार्थीहरूले छात्रवृत्ति पाउन सक्ने छैनन्।

२) विद्यालयले अनलाइन फाराम भर्न **Excel** प्राप्त गर्ने तरिका :

(क) विद्यालयसँग Web based IEMIS मार्फत दिइएको पासवर्ड हुनुपर्नेछ। सो पासवर्ड थाहा नभएमा वा बिर्सिएमा सम्बन्धित स्थानीय तह मार्फत प्राप्त गर्न सकिनेछ। यस सम्बन्धी कुनै द्विविधा वा कठिनाइ भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

(ख) Web based IEMIS को होमपेजमा जानका लागि https://iemis.cehrd.gov.np मा गई आफ्नो विद्यालयको कोड र पासवर्ड राखी लग इन गर्ने र PMT मा गई Export मा क्लिक गर्ने र आफ्नो विद्यालयको PMT Template निकाल्नुपर्नेछ।

(ग) School Level IEMIS मा जस्तै गरी macro enable गर्नुपर्नेछ र सो Template को सुरुमा भएको Buttons मा विवरण इन्ट्री गर्ने तरिकामा भनिए अनुसार विवरण भर्नु भराउनुपर्नेछ।

(घ) कक्षा ८ को एउटा Template मा र कक्षा १० को अर्को Template मा विवरण प्रविष्टि गराउनुहुँदैन।

(ङ) विवरण प्रविष्टि र रुजु पश्चात् अनलाइनमा अपलोड गर्न विद्यालयले https://iemis.cehrd.gov.np मा गई लग इन गर्ने, profile मा जाने, प्रोफाइलमा भएको सबै विवरण सुनिश्चित गर्ने (SEE कोड र SLCE कोड सहित) अपडेटमा क्लिक गर्ने र Type मा PMT सेलेक्ट गरेर आफ्नो PMT Template अपलोड गर्नुपर्नेछ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर, नेपाल

## चमेना गृह सञ्चालन गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७८।११।०१**

यस केन्द्रको भवन नं.१ र २ को परिसरभित्र रहेको चमेना गृहहरू छुट्टाछुट्टै सञ्चालनका लागि इजाजत पत्र प्राप्त फर्म संस्था वा कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र यस केन्द्रको आन्तरिक प्रशासन शाखा (स्टोर) बाट रु.१०००।-(फिर्ता नहुने गरी) फर्म दर्ता, आयकर दर्ता र आ.व. २०७७।७८ सम्मको कर चुक्ता प्रमाणपत्र संलग्न राखी निवेदन सहित सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ। खरिद गरिएको सिलबन्दी दरभाउपत्र १६औँ दिनको १२.०० बजेभित्र दरभाउपत्र खरिद गरिएको स्थानमा दाखिला गरिसक्नुपर्नेछ। अन्य विस्तृत विवरण सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको छ। थप जानकारीका लागि आन्तरिक प्रशासन शाखा (स्टोर) मा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

## शहीद तथा द्वन्द्वपीडित परिवारका छोराछोरीबाट छात्रवृत्ति सम्बन्धी जरुरी सूचना

नेपाल सरकारको आ.व.२०७८/०७९ को वार्षिक कार्यक्रम अन्तर्गत विद्यालय तह (पूर्व प्राथमिकदेखि कक्षा १२) सम्म हाल नेपालभित्र मान्यता प्राप्त शिक्षण सस्थाहरूमा नियमित रूपमा अध्ययनरत नेपाल सरकार गृह मन्त्रालयबाट शहीद घोषणा भएका **शहीदका छोराछोरी** तथा २०५२ फागुन १ गतेदेखि विस्तृत शान्ति सम्झौता हुँदाको मिति अर्थात् २०६३ मङ्सिर ५ गते सम्मको अवधिका **द्वन्द्वपीडित परिवारका छोराछोरी**हरूलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइहरूमा बजेट विनियोजन गरिएको छ। उक्त बजेट नपुग भएमा तथा बजेट विनियोजन नभएका तर बजेट आवश्यक पर्ने शिक्षा विकास तथा समन्वय एकाइहरूले **नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४ अनुसार** विद्यार्थी छनोट गरी तपसिलमा उल्लिखित कागजात तथा विगतमा वितरित विवरणका आधारमा व्यक्ति यकिन गरी सिफारिस सहित तहगत रूपमा विद्यार्थी सङ्ख्या र आवश्यक रकम उल्लेख गरी फागुन मसान्तभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र समावेशी शिक्षा शाखा (inclusivedoe@gmail.com) मा पठाइदिनुहुन अनुरोध गरिएको छ।

**तपसिल**

१. नेपाल सरकार गृह मन्त्रालयबाट शहीद घोषणा भएको प्रमाणको प्रमाणित प्रतिलिपि,

२. शहीद तथा द्वन्द्वपीडित परिवार सँगको नाता प्रमाणित प्रतिलिपि,

३. अध्ययनरत शिक्षण सस्थाको नाम, कक्षा वा तह र रोल नम्बर समेत स्पष्ट खुल्नेगरी अध्ययन गरिरहेको संस्था प्रमुखबाट प्रमाणित गरेको पत्र,

**पुनश्च : शहीद तथा द्वन्द्वपीडित छात्रवृत्ति माग गर्ने विद्यार्थीहरूको नामनामेसी सहितको विवरण पनि संलग्न गर्नुपर्नेछ।**

## शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक रेडियो कार्यक्रम प्रसारण सम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक रेडियो कार्यक्रम हरेक मङ्गलबार र शनिबार वेलुका ७ : ३० बजे देखि १५ मिनेट सम्म रेडियो नेपालबाट प्रसारण भइरहेको जानकारी गराउछौँ। शैक्षिक रेडियो कार्यक्रम यस प्रकार प्रसारण हुने भएकाले नियमितरूपमा सुनिदिनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौँ।

- प्रत्येक हप्ताको मङ्गलबार शैक्षिक सूचना तथा जानकारी, केन्द्र देखि विद्यालय सम्मका समाचारमूलक गतिविधि, समसामयिक विषयमा परिसम्वाद तथा अन्तर्वार्ता, शैक्षिक नीति, योजना, कार्यक्रम, ऐन/ नियम, निर्देशिका, कार्यविधि र कार्य ढाँचा सम्बन्धी जानकारी तथा कार्य प्रगति विवरण , लेख रचना र विद्यालय शिक्षाका असल अभ्यास समेटिएको स्थलगत रेडियो रिपोर्ट र शैक्षिक नाटक तथा छलफल जस्ता कार्यक्रम प्रसारण भइरहेको छ।
- त्यसैगरी प्रत्येक हप्ताको शनिबार शिक्षा सम्बन्धी विषयवस्तुमा आधारित नाटक तथा छलफल, लघुनाटक, सामाजिक, सांस्कृतिक पर्व, दिवस विशेष नाटक/छलफल, समसामयिक कुराकानी र सचेतनामूलक सन्देश, आदि प्रसारण भइरहेको छ।

यस केन्द्रबाट प्रसारण गरिएका कार्यक्रमहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ। कार्यक्रमका सम्बन्धमा तपाइँ श्रोताका केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेल पनि गर्न सक्नु हुनेछ। हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com

साथै यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन यहाँहरूबाट रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौँ।

## टेलिभिजनबाट प्रसारण हुने श्रव्यदृश्य पाठ प्रसारण सम्वन्धी सूचना

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा ८ र ७ का विषयगत श्रव्यदृश्य पाठहरू विहान ५:४५ बजेदेखि ७:०० बजेसम्म र कक्षा ६ र ५ का श्रव्यदृश्य पाठहरू विहान ७:४५ बजेदेखि ९:०० बजेसम्म तथा कक्षा १ देखि ४ सम्मका श्रव्यदृश्य पाठहरू अपराह्न ४:३० बजेदेखि साँझ ७:०० बजेसम्म शनिबारबाहेक हरेक दिन नेपाल टेलिभिजनको NTV+ च्यानलबाट प्रसारण भइरहेका छन्। त्यसैगरी कक्षा १-१० का विषयगत श्रव्यदृश्य पाठहरू Dish Media Network Ltd. को Dishhome, NITV Streamz Pvt. Ltd. को NET TV, Mega Max TV Pvt. Ltd. को Max TV, Divine Stream Network Pvt. Ltd को Mero TV र Subisu Cablenet (P). Ltd को Clear TV को विद्यालय शिक्षा (School Education) च्यानलबाट शनिवार बाहेक हरेक दिन विहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। यसरी प्रसारित श्रव्यदृश्य पाठहरूबाट विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाई दिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष यस केन्द्र हार्दिक अनुरोध गर्दछ। साथै सबै विद्यार्थी भाइ बहिनीहरूले आफ्नो अनुकूलता अनुसार उक्त पाठहरू हेरी लाभ लिनुहुन अनुरोध गरिन्छ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेवसाइट cehrd.gov.np मा हेर्न सकिनेछ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू केन्द्रको **Youtube Channel: www.youtube.com/ncedvirtual** र **Learning Portal, learning.cehrd.edu.np** बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार पनि हेर्न सकिन्छ।

## श्रव्य पाठ प्रसारण सम्वन्धी सूचना

रेडियो नेपालबाट आइतबार बाहेक प्रत्येक दिन कक्षा ९ का अनिवार्य विषयका श्रव्य पाठहरू साँझ ५:१५ बजेदेखि ५:४५ बजेसम्म र कक्षा १० का अनिवार्य विषयका श्रव्य पाठहरू बेलुकी ८:२५ देखि ८:५५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। त्यसैगरी यस केन्द्र र सामुदायिक रेडियो प्रसारण सङ्घ बिचको सहकार्यमा देश भरका करिव २०१ भन्दा बढी सामुदायिक रेडियोहरू मार्फत् कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू बिहान १०:०० देखि ११:०० वजेसम्म र पुनः प्रसारण बेलुकी ५:०० देखि ६:०० वजेसम्म प्रसारण भइरहेका छन्। यसरी प्रसारित श्रव्य पाठहरूबाट सम्बन्धित सबै विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष यस केन्द्र हार्दिक अनुरोध गर्दछ। श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेवसाइट cehrd.gov.np मा हेर्न सकिने छ। प्रसारण गरिएका उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ।

## शैक्षिक कार्यक्रम "शिक्षाको चौतारी" प्रसारणसम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक कार्यक्रम "शिक्षाको चौतारी" हरेक मङ्गलबार बेलुकी ७:०० बजेदेखि ७:२५ बजेसम्म नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट प्रसारण भइरहेको जानकारी गराउछौँ। यस कार्यक्रममा नीति निर्माता, व्यवस्थापक र अनुसन्धानकर्ताहरू बिच समसामयिक शैक्षिक विषयमा परिसम्वाद तथा अन्तर्वार्ता र यसका साथै पालैपालो गरी सातै प्रदेश अन्तर्गतका जिल्लाहरूमा अवस्थित विभिन्न सामुदायिक विद्यालयहरू र शैक्षिक सङ्घसंस्थाका असल अभ्यास, सुधारका प्रयास, अनुसरणीय गतिविधिसमेत प्रसारण भइरहेको छ। उक्त शिक्षाको चौतारी कार्यक्रम सम्बद्ध सबैले हेरी यसका सकारात्मक पक्षको अनुसरण/उपयोग/प्रयोग गर्नुहुनसमेत सबैमा जानकारीका लागि अनुरोध छ।

प्रसारित कार्यक्रम यस केन्द्रको Youtube Channel,NCEDvirtual मा समेत हेर्न सकिने छ। यस कार्यक्रमका सम्बन्धमा यहाँहरूका केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेलमार्फत् पठाउन सक्नु हुने छ। हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com,, साथै, यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौँ।

## राष्ट्रिय चित्रकला प्रतियोगिताको म्याद थप सम्बन्धी सूचना

लामो समयसम्म कोरोना कहरका कारण विद्यालय बन्द रहेको अवस्थालाई ध्यानमा राख्दै मिति २०७८ माघ १ गतेको गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित सूचना अनुसार त्रिभुवन विश्वविद्यालय रुपान्तरण परियोजना (Rupantaran, TU), नेपाल स्वास्थ्य शिक्षा सङ्घ (HEAN), शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) र राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र (NHEICC) को संयुक्त आयोजनामा आधारभूत र माध्यमिक तहको विद्यालय स्तरीय राष्ट्रिय चित्रकला प्रतियोगिताका लागि विद्यार्थीले आफ्नो हस्तलिखित चित्र पेस गर्ने मितिको म्याद निम्नानुसार थप गरिएको जानकारी गराइन्छ।

**चित्र निर्माणका लागि मुख्य शीर्षक : कोभिड-१९ र बालबालिका**

**चित्र निर्माणका लागि उप-शीर्षक (कुनै एकमा आधारित):**

१. मेरो कोरोना अनुभव; २. कोभिड-१९ रोकथाममा मेरो जिम्मेवारी; ३. कोभिड-१९ ले मेरो परिवार र समाजमा पारेको प्रभाव; ४. कोभिड-१९ पछिको मेरो संसार

**सहभागी प्रतियोगी समूह**

**सामुदायिक तथा संस्थागत विद्यालयका**

- **आधारभूत तह समूह (कक्षा १-८)**
- **माध्यमिक तह समूह (कक्षा ९-१२)**

**प्रतियोगिता सञ्चालनका नियमहरू**

सहभागी प्रतियोगीहरूले निम्नलिखित नियम पालना गर्नुपर्नेछ :

क) माथि उल्लेखित कुनै एक उप-शीर्षकमा आधारित भई चित्र सिर्जना गर्नुपर्नेछ।

ख) चित्र पूर्ण रूपमा आफैँले सिर्जना गरेको हुनुपर्नेछ। चित्र आर्ट पेपरमा कुनै पनि प्रकारको रङ्गरोगन गरी निर्माण गर्न सकिने छ। अरुद्वारा निर्माण गराएर तथा अरूको सहयोग लिएर निर्माण गरी पेस गरेको पाइएमा मूल्याङ्कन गरिनेछैन। सिर्जना पेस भएपछि पनि किर्ते गरेको पुष्टि भएमा उक्त चित्र रद्द गरिनेछ।

ग) हस्तनिर्मित सिर्जना मात्र स्वीकार गरिनेछ (डिजिटल वा सफ्टवेयर मार्फत निर्माण गरिएको सामग्रीलाई प्रतियोगितामा सहभागी गराइनेछैन)।

घ) सिर्जना पेस गर्दा विद्यालयको सिफारिस पत्र सहित विद्यालयको लेटर प्याडमा सम्पर्क नम्बर, खुलाएर चित्र बनाउने विद्यार्थीहरूको नाम, कक्षा उल्लेख गरेर प्र.अ.को हस्ताक्षर सहित पठाउनुपर्नेछ। अन्यथा प्रतियोगितामा समावेश गरिनेछैन।

ङ) हस्तनिर्मित चित्रको JPG वा PDF फोटो इमेज High quality resolution मा राखेर पठाउनुपर्नेछ। तर उक्त इमेजको साइज 8 MB भित्रको हुनुपर्नेछ।

**पुरस्कार:**

**मूल्याङ्कन समितिले छनोट गरेका दुवै समूहका उत्कृष्ट सहभागीहरूलाई निम्नानुसार पुरस्कृत गरिनेछ :**

**आधारभूत तह समूह (कक्षा १-८):**

प्रथम (१ जना) - जनही रु १५,०००, पदक र प्रमाणपत्र/दोस्रो (१ जना) - जनही रु १०,०००, पदक र प्रमाणपत्र/तेस्रो (१ जना) - जनही रु ५,०००, पदक र प्रमाणपत्र

सान्त्वना (२ जना) - जनही रु २,५०० र प्रमाणपत्र

**माध्यमिक तह समूह (कक्षा ९-१२):**

प्रथम (१ जना) - जनही रु १५,०००, पदक र प्रमाणपत्र/दोस्रो (१ जना) - जनही रु १०,०००, पदक र प्रमाणपत्र/तेस्रो (१ जना) - जनही रु ५,०००, पदक र प्रमाणपत्र

सान्त्वना (२ जना) - जनही रु २,५००, र प्रमाणपत्र

थप जानकारीका लागि सम्पर्क : ०१४३३३९४३, ९८५१२२७५५५, ९८४१५३११६४

चित्र पठाउने इमेल : **info@rupantaran=edu=np**

चित्र आइपुग्ने अन्तिम मिति : २०७८-११-२५ भित्र (समय सीमा नाघेर आएका सिर्जनाको कुनै मूल्याङ्कन गरिनेछैन)

**नोट** : छनोटमा परेका प्रतियोगीहरूलाई विद्यालय मार्फत सम्पर्क गरिनेछ। छनोटमा परेका सक्कल चित्र विद्यालय मार्फत सम्बन्धित कार्यालयमा सङ्कलन गरिनेछ। धन राशि, पदक र प्रमाणपत्र विद्यालय मार्फत सम्बन्धित विद्यार्थीलाई हस्तान्तरण गरिनेछ।